# स्थानीय राजपत्र

भाग-२ खण्ड २ संख्या ८

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

## टोल विकास संस्था गठन, सञ्चालन तथा परिचालन सम्वन्धी निर्देशिका

**२०७९**

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या ९, २०८२ पौष १९

**भाग–२**

## बागलुङ नगरपालिका

# टोल विकास संस्था गठन, सञ्चालन तथा परिचालन सम्वन्धी निर्देशिका २०७९

(पहिलो संशोधन २०८२)

बागलुङ नगरपालिकाको समग्र एवं सन्तुलित विकास तथा समवृद्धीका लागी नगरका विभिन्न टोल, बस्ती तथा क्षेत्रमा बसोवास गर्ने बासिन्दाहरु वीच सदभाव, भाईचारा र एकता कायम गरी नगरपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुमा टोल वासीलाई जागरुक, सचेत एवं सहभागी बनाउन र अपनत्व एवं जिम्मेवारीको भावनाको विकास गराई टोल एवं नगरको समग्र विकास गर्नको लागि टोल विकास संस्था गठन गर्न आवश्यक देखिएकोले टोल विकास संस्था गठन,

सञ्चालन तथा परिचालन सम्वन्धी निर्देशिका २०७९ जारी गरिएको छ ।

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम "***बागलुङ नगरपालिका टोल विकास संस्था गठन, सञ्चालन र परिचालन सम्वन्धी निर्देशिका २०७९***" रहने छ ।

(ख) यो निर्देशिका बागलुङ नगरपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले बागलुङ नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगरसभा" भन्नाले बागलुङ नगर कार्यपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले बागलुङ नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "नगर प्रमुख" भन्नाले बागलुङ नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बागलुङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(छ) "टोल विकास संस्था" भन्नाले वडाको निश्चित भौगोलिक क्षेत्र भित्र रहेका घर धुरी बाट एक घरधुरी एक सदस्यको अवधारणमा आधारीत रही टोलको समग्र विकास गर्नको लागि नगरपालिकामा दर्ता भएको स्थानीय स्तरको सामुदायिक सस्थालाई सम्झनु पर्दछ ।

(ज) "बचत कोष" भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुने गरी जम्मा गरेको वचत रकमको कोषलाई सम्झनु पर्दछ ।

(झ) "संचालक समिति" भन्नाले टोल विकास संस्थाको संचालक समितिलाई सम्झनु पर्दछ ।

(ञ) "अध्यक्ष" भन्नाले टोल विकास संस्थाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) "सचिव" भन्नाले टोल विकास संस्थाको सचिवलाई सम्झनु पर्दछ ।

(ठ) "कोषाध्यक्ष" भन्नाले टोल विकास संस्थाको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(ड) "सदस्य" भन्नाले टोल विकास सस्थाका सदस्यलाई सम्झनु पर्दछ ।

(ढ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टा छुट्टै बैठक सम्झनु पर्दछ ।

(ण) "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

(त) "उप समिति, कार्यगत समुह" भन्नाले साधारण सभा/सस्थाले विशेष जिम्मेवारी दिई गठन भएका संस्था भित्र विभिन्न कार्य गर्नको लागी गठीत समूहलाई सम्झनु पर्दछ

(थ) "पदाधिकारीख" भन्नाले संस्था वा कार्यगत समूहका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह- सचिव र कोषाध्यक्ष लाई सम्झनु पर्दछ ।

## <u>परिच्छेद - २</u>

**३. टोल विकास संस्था गठन सम्वन्धी व्यवस्थाः** बागलुङ नगरपालिकाको क्षेत्र भित्र देहाय बमोजिम टोल विकास संस्था गठन हुनेछ ।

(क) टोल विकास संस्था गठनको लागि सम्वन्धीत वडाले निर्धारण गरेको भौगोलिक क्षेत्र वा वडाको सहमतिमा निश्चीत भौगोलिक क्षेत्र भित्रको सिमाना निर्धारण गर्नु पर्नेछ र त्यस्तो सिमाना निर्धारण गर्दा सम्भव भए सम्म खोलो, खोल्सो, कुलो, बाटो वा कुनै स्पष्ट छुटिने प्राकृतिक सिमानालाई आधार लिनु पर्नेछ ।

(ख) टोल वस्तीको भौगोलिक अवस्थीति, सामाजिक साँस्कृतिक अवस्था, रहन सहन, भेष भुषालाई सम्भव

भए सम्म प्राथमिकतामा राखेर टोल विकास संस्था गठन गर्नु पर्नेछ ।

(ग) टोल विकास सस्था गठन गर्दा भौगोलिक क्षेत्र, प्राकृतिक सिमाना, अवस्थिती लगाएत मिल्दो टोल क्षेत्रलाई निश्चित स्वार्थको लागि सानो टुक्रामा विभाजित गरी सानो टोल विकास संस्था गठन गर्न वा भैरहेको टोल विकास संस्थालाई टुक्राई सानो टोल विकास संस्था गठन गर्नको लागि निरुत्साहित गरिनेछ । तर कुनै निश्चीत क्षेत्रमा रहेका घरधुरीलाई अन्य टोल क्षेत्रमा सामेल गर्न भौगोलिक दृष्टीकोषले कठीनाई देखिएमा वडा कार्यालयले आवश्यक निर्णय लिन सक्नेछ ।

(घ) वडाको प्रतिनिधि/कर्मचारीको उपस्थीतिमा टोलको तोकिएको क्षेत्र भित्रका सकभर सतप्रतिशत घरधुरी र सो हुननसकेमा कम्तिमा ८० प्रतिशत घरधुरी सम्मिलित बैठकबाट टोल विकास संस्था गठन गर्नु पर्नेछ ।

(ङ) यस निर्देशिकाको मर्म बमोजिम टोल विकास संस्थाको विधान तयार गर्नु पर्नेछ ।

(च) संस्थाका सदस्यहरुको परामर्शमा टोल विकास संस्थाको नामाकरण गर्नु पर्नेछ ।

(छ) यस पूर्व बागलुङ नगरपालिकाको शहरी समाज परिचालनको नीति बमोजिम गठन भएका टोल विकास संस्थालाई यसै बमोजिम गठन भएको मानि पूर्नगठन गरी दर्ता गराउनु पर्नेछ ।

## ४ दर्ता तथा नविकरण सम्वन्धी व्यवस्था

(क) टोल विकास संस्था दर्ताको लागि देहाय बमोजिमको कागज पत्र सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(१) अनुसूची १ बमोजिमको ढाँचामा टोल विकास संस्थाको निवेदन ।

(२) भेलाबाट स्वीकृत संस्थाको विधान (विधानको नमुना अनुसूची २ बमोजिम हुनेछ) ।

(३) विधान पारित गर्ने संस्थाको भेलाको प्रतिलिपी ।

(४) दर्ता गर्ने बैठकको निर्णय प्रतिलिपी ।

(५) पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।

(ख) उल्लेखित कागजपत्र सहित पेश हुन आएमा आवश्यक जाँचबुझ गरी टोल विकास संस्था दर्ता गरी अनुसूची ३ बमोजिमको ढाँचामा प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग) टोल विकास संस्थाले अनुसूची ४ बमोजिमको ढाँचामा प्रमाणित गरेको आय र व्ययको विवरण, प्रगति प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वडा कार्यालयमा अनुसूची ४ बमोजिम नविकरणको लागि निवेदन पेश गर्नु पर्नेछ ।

(घ) टोल विकास संस्थाले अनुरोध गरेमा आगामी ३ आर्थिक बर्षको लागि एकमुष्ट नविरण गर्न सकिनेछ ।

(ङ) नविकरण दस्तुर नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(च) समयमा नविकरण नगरी म्याद सकिएमा हालसम्म नविकरण हुन बाँकी बर्षको नविकरण वापतको दस्तुरमा एकमुष्ट २५ प्रतिशत थप दस्तुर लिई नविकरण हुन बाँकी अवधिको नविकरण गर्नु पर्नेछ ।

५. **सदस्यता :**

(क) यस निर्देशिकाको प्रतिकुल नहुने गरी संस्थाको विधानको उद्देश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने संस्थाको तोकिएको भौगोलिक सिमाना भित्र बसोवास गर्ने घर धुरीबाट एक घर एक सदस्यको अवधारणा अनुसार सवै घरबाट संस्थाका सदस्य बन्न सक्नेछन ।

(ख) सदस्य बन्न इच्छुक नयां टोलवासीलाई संस्थाले तोके बमोजिमको प्रकृया पुरा गरी संस्थामा दरखास्त दिएमा संस्थाको बैठकको निर्णय अनुसार सदस्यता प्रदान गर्नु पर्नेछ ।

(ग) एक घर बाट एक भन्दा बढी सदस्य हुन पाईने छैन र एउटा संस्थामा सदस्य भएको व्यक्ति अर्को संस्थामा सदस्य हुन पाईने छैन तर एउटै छाना मुनि बसेता पनि छुट्टी भिन्न भै चुल्हो अलग गरी बसेका परिवारलाई सदस्य हुनबाट बञ्चित गरिनेछैन ।

**६. सदस्यता नरहने :**

(क) सदस्यको मृत्यु भएमा वा मानसिक सन्तुलन गुमाई निजको घरधुरीमा अरु कोहि पनि अधिकारवाला नभएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

(ग) संस्थाको निर्णय पालना नगरी संस्थाको हित बिपरित कार्य गरेमा वा संस्थालाई हानी नोक्सानी हुने कुनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर यस्तो अवस्थामा सम्बन्धित सदस्यहरुलाई सफाई दिने अवसरबाट बन्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

(घ) सदस्यले संस्थाको सिमाना भित्रबाट स्थायी रुपमा वसाई सरी अन्यत्र गएमा ।

**७. संचालक समिति, उप समिति वा कार्यगत समूह सम्वन्धी व्यवस्था :** टोल विकास संस्थाको कामलाई प्रभावकारी बनाउनको लागि देहाय बमोजिम संचालक समिति गठन गर्नु पर्नेछ ।

(क) संचालक समिति : संचालक समितिमा देहाय बमोजिम सदस्यहरु रहनेछन ।

(१) अध्यक्ष

(२) उपाध्यक्ष

(३) सचिव

(४) सह सचिव

(५) कोषाध्यक्ष

(६) बढीमा ८ जना सदस्यहरु

(ख) यसरी गठन भएको संरचना संस्थाको मुल समिति हुनेछ ।

(ग) विषयगत काम सम्पन्न गर्नको लागी वा अन्य आवश्यकीय कार्यको लागि बढीमा ९ (नौ) सदस्यीय उप समिति वा कार्यमुलक समुहहरु गठन गर्न सकिनेछ ।

**८. संस्थाको कार्यालय सम्वन्धी व्यवस्था** : संस्थाको कार्यालय संस्थाले तोकेको ठांउमा राख्न सकिनेछ ।

**९. संस्थाका सदस्यहरुको पदावधि :** संस्थाका सदस्यहरुको पदावधि निम्न बमोजिम हुनेछ ।

(क) सवै सदस्यहरुको पदावधि २ बर्षको हुनेछ । तर समयमा नै सस्थाको साधारण सभा बसी नेतृत्व परिवर्तन गर्न सक्ने अवस्था नआएमा संचालक समितिको निर्णय बमोजिम थप एक (१) बर्ष म्याद थप गर्न सकिनेछ । सो को जानकारी सम्बन्धित वडा कार्यालयमा गराउनु पर्नेछ ।

(ख) प्रत्येक २ वर्षमा नेतृत्व परिवर्तन गर्दा उपलब्धताको आधारमा समावेशितालाई जोड दिनु पर्नेछ । भने

कम्तिमा ३३ प्रतिशत महिला सदस्य हुनु पर्नेछ । एउटै व्यक्ति लगातार ४ बर्ष वा लगातार दुई कार्यकाल भन्दा बढी अध्यक्षमा बस्न पाईने छैन ।

**१०. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) **अध्यक्षको काम, कर्तव्य र जिम्मेवारी**

टोल विकास संस्थालाई प्रभावकारी बनाउनको लागि संस्थाका अध्यक्षको काम, कर्तव्य र जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

- टोल विकास संस्थाको नियमित बैठक बोलाउने, बैठकको लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यको सहमति लिने ।
- बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।
- बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
- छलफल हुंदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
- बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।
- निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।
- सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।
- विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

- संस्थाले आर्जन/प्राप्त गरेका नगद वा जिन्सी सामानको श्रेस्ता राखी सुरक्षाको प्रवन्ध मिलाउने ।
- नगरपालिकाबाट संचालित विकास आयोजनाका कार्यान्वयनमा सहयोग पुर्‍याउने, रेखदेख गर्ने र मर्मत सम्भारको लागि पहल गर्ने ।
- आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।
- अन्य सहयोगी निकायहरुसंग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने ।
- विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।
- विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।
- संस्थाको कार्य सञ्चालन सम्वन्धि प्रमुख उत्तरदायित्व वहन गर्ने ।
- संस्थाका सदस्यहरुलाई संस्थाको हित र विधानको पालना गर्न लगाउने र सो नगरेको पाईएमा सचेत गराउने ।
- बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

(ख) **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

- अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा सविचसंग समन्वय गरी आवश्यकता अनुसार बैठक बोलाउने लगाएत अध्यक्षले गर्ने कार्य गर्ने ।

- नगरपालिकाबाट संचालित विकास आयोजना कार्यान्वयनमा सहयोग पुऱ्याउने, रेखदेख गर्ने र मर्मत सम्भारको लागि पहल गर्ने ।
- टोल विकास संस्थाको संस्थागत हितको लागि आवश्यक कार्य गर्ने ।
- सदस्यहरुलाई काम काज गर्न उत्प्रेरित गर्ने ।
- अध्यक्षको काम काजमा आवश्यक सहयोग गर्ने ।
- अन्य तोकिए बमोजिमको कार्य गर्ने ।

**(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकारः**

- अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
- अध्यक्षसंगको परामर्शमा बैठकका एजेण्डाहरु तयार गरी प्रस्तुत गर्ने ।
- एक तिहाई सदस्यहरुले विशेष बैठकको लागि लिखित रुपमा माग गरेमा विशेष वैठक बोलाउने ।
- बैठक पुस्तिकामा उपस्थिति गराउने ।
- छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पुनः प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।
- नगरपालिकाबाट संचालित विकास आयोजनाका कार्यान्वयनमा सहयोग पुऱ्याउने, रेखदेख गर्ने र मर्मत सम्भारको लागि पहल गर्ने ।

- बचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने ।
- संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
- संस्था सञ्चालनमा र अन्य सदस्यलाई आवश्यक सहयोग गर्ने ।

**(घ) सह-सचिवको काम, कर्तव्य र अधिकारः**

- सचिवको अनुपस्थितिमा सचिवलाई तोकिएको कार्य गर्ने ।
- टोल विकास संस्थाको संस्थागत हितको लागि आवश्यक कार्य गर्ने
- सदस्यहरुलाई काम काज गर्न उत्प्रेरित गर्ने ।
- अध्यक्ष र सचिवलाई काम काजमा आवश्यक सहयोग गर्ने ।
- अन्य तोकिए बमोजिमको कार्य गर्ने ।

**(ङ) संस्थाका कोषाध्यक्षको काम कर्तव्य र अधिकारः**

- सस्थाको आय व्ययको लेखा राखी लेखापरीक्षण गराउने साथै बैक मार्फत लेखा सम्वन्धी कारोवार गर्ने ।
- बैठकमा सबै सदस्यहरुबाट बचत संकलन गरी बचतको विवरण पेश गर्ने ।
- प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।

- व्यक्तिगत बचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पासबुकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने ।
- संकलित बचत रकम संस्थाको निर्णय अनुसार नजिकको बैंकको खातामा जम्मा गरी/गराई बैंकबाट प्राप्त भएको पासबुकमा उल्लेख गराउने ।
- बैठकको निर्णय अनुसार बचतको परिचालन गरी रेकर्ड राख्ने ।
- निर्णय अनुसार गर्नु पर्ने लगानी गरी असुली समेत गर्ने र लगानी र असुलीको रेकर्ड राख्ने ।
- संस्थाको सम्पूर्ण हिसाव किताव चुस्त दुरुस्त राख्ने ।
- ऋण लगानी पश्चात प्राप्त व्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरी सबै सदस्यहरुको व्यक्तिगत खाता, पासबुक एवं बचत खातामा चढाउने ।
- संस्थाले गरेको काम/कारोवारको लेखा परीक्षण गराउने ।
- बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।
- अन्य सदस्यहरुसंग समन्वय राखी सहयोग लिने दिने ।
- संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(च) संस्थाका सदस्यहरुको काम कर्तव्य र अधिकारः**

- संस्थाको हिसाब किताब बराबर चेक गर्ने ।

- टोल विकास संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने । उनीहरुको काम सन्तोषजनक नभएमा आवश्यक प्रकृया पुरा गरी नयाँ पदाधिकारी चयन गर्ने ।
- आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति नियमहरु बनाउने र सो नियमहरु पालना गर्ने गराउने र पालना भए नभएको हेर्ने ।
- आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।
- बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।
- नियमित बचत बुझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।
- आफुले ऋण लिएको भए समयमा तिर्ने साथै ऋण असुली गर्न सहयोग गर्ने ।
- साधारण सभा तथा बैठकले तोकिए बमोजिम जिम्मेवारी पुरा गर्ने गराउने ।
- संस्था तथा सदस्यको उन्नतीमा सधै सक्रिय सहभागिता जनाउने ।
- नगरपालिकाबाट संचालित विकास आयोजनाका कार्यान्वयनमा सहयोग पुऱ्याउने, रेखदेख गर्ने र मर्मत सम्भारको लागि पहल गर्ने ।

## परिच्छेद ३

### ११. संस्थाको बैठक सम्बन्धी व्यवस्था :

(क) संस्थाको बैठक सामान्यतया महिनाको एक पटक बस्ने छ । प्रत्येक महिना वचत तथा ऋण परिचालनको लागि बसिने नियमित बैठककमा सञ्चालक समितिको अतिरिक्त एक घर घुरी एक सदस्यको हिसावले सम्पूर्ण सदस्यहरुको उपस्थितिमा बैठक बस्नेछ ।

(ख) मासीक नियमित बैठक बाहेक संस्थाको आकस्मिक काम कार्यवाही र विषयगत रुपमा बस्ने बैठकमा सञ्चालक समितिको मात्र उपस्थितिमा बैठक बस्न सक्नेछ तर अन्य सदस्यहरुको उपस्थितिलाई बन्चित गरिने छैन ।

(ग) संस्थाको बैठक बस्दा एक बैठक र अर्को बैठक बिचको समय दुई महिना भन्दा बढी हुने छैन ।

(घ) संस्थाको बैठक अध्यक्षले बोलाउने छ तर देहायका अवस्थामा सचिवले बैठक बोलाउन सक्ने छ ।

(१) अध्यक्षले निजलाई बैठक बोलाउन निर्देशन दिएमा वा २ महिना भन्दा बढी समयसम्म बैठक बस्न नसकेमा,

(२) दुई महिना वा सो भन्दा बढी समय सम्म संस्थाको बैठक बस्न नसकी संस्थाका एक तिहाई सदस्यले बैठक बोलाउनको लागी लिखित रुपमा अनुरोध गरेमा ।

(ङ) संस्थाको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि अनुपस्थित रहेमा संस्थाको सबैभन्दा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

**१२. साधारण सभा :** संस्थाका सम्पूर्ण सदस्यहरुको उपस्थितिमा कम्तिमा बर्षको एक पटक साधारण सभा बस्नु पर्नेछ । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ । साधारण सभाको काम, कतर्व्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(क) साधारण सभामा पेश भएका विषयहरुमा यथोचित निर्णय दिने ।

(ख) बार्षिक पाँच (५) लाख भन्दा बढी कारोवार गरेको अवस्थामा लेखापरीक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

(ग) संस्थाको गत आ.व.को हिसाब किताबको विवरण पेश गर्ने र त्यस सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(घ) आवश्यकता अनुसार संचालक समिति वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ङ) उजुरी, पुनरावलोकन सुन्ने र निर्णय दिने ।

(च) संस्थाको विधानको भावनाको प्रतिकुल असर नपर्ने गरी विधान संशोधन गर्ने ।

(छ) आवश्यकता अनुसार उपसमिति, कार्यगत समुह र सल्लाहकारको मनोनयन गर्ने ।

(ज) टोल विकास संस्थाको पदाधिकारीको चयन गर्ने तथा संचालक समितिको निर्वाचन गर्ने ।

(ञ) संस्थाको बजेट स्वीकृत गर्ने ।

(ट) संस्थाको विधान स्वीकृत गर्ने ।

(ठ) बार्षिक पाँच (५) लाख भन्दा कम कारोवार वा आय व्यय भएको अवस्थामा आय व्ययको प्रतिवेदन माथी छलफल गरी स्वीकृत गर्ने ।

१३. **विशेष साधारण सभा :** संस्थाको हितलाई ध्यानमा राखी कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा बढीमा १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

## परिच्छेद ४

## १४. टोल विकास संस्थाको काम, कर्तव्य र जिम्मेवारी

टोल विकास संस्थाको काम कर्तव्य र जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

(क) टोल विकास संस्थाहरु वडा तथा नगरपालिका प्रति पूर्णरुपमा उत्तरदायी हुनु पर्नेछ ।

(ख) टोल विकास संस्थाहरु वडा कार्यालयमा अनिवार्य रुपमा दर्ता हुनु पर्नेछ ।

(ग) टोल विकास संस्थाको बैठक नियमित रुपमा बस्नु पर्नेछ । प्रत्येक बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्यहरुको अनिवार्य उपस्थिती भएको हुनु पर्नेछ ।

(घ) बैठकमा प्रस्तुत गर्नको लागी तयार गरिएको सबै विषयहरुमा छलफल गरी सर्वसम्मत निर्णय गर्ने प्रयास गर्नु पर्नेछ । निर्णय प्रकृया पारदर्शी हुनु पर्नेछ ।

(ङ) समुदायमा आधारीत समाजिक तथा आर्थिक उद्यमलाई अघि बढाउन टोल विकास संस्थाले बचत तथा ऋृण कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

(च) टोल विकास संस्थाले प्रवर्द्धन गरेका समुदायमा आधारित सामाजिक तथा आर्थिक उद्यमहरुको ऋृण, अनुदान लगाएतका अभिलेख व्यवस्थित तवरले राख्नु पर्नेछ ।

(छ) उद्यमका सदस्यहरुले टोल विकास संस्थामा बचत गरेको हुनुपर्नेछ । ऋृण प्राप्त गर्नको लागी उद्यममा उद्यमीहरुको स्वः लागानी अनिवार्य हुनु पर्नेछ ।

(ज) समुदायमा आधारीत सामाजिक तथा आर्थिक उद्यमीहरुले आपसी छलफलद्वारा कार्यक्रम तथा योजनाहरु तर्जुमा गर्नु पर्नेछ ।

(झ) टोल विकास संस्थाले सदस्यहरुको हित हुने समाजिक-आर्थिक विकासका कृयाकलापहरु सहभागितामुलक ढङ्गबाट कार्यान्वयन गर्नु पर्नेछ ।

(ञ) टोल विकास संस्थाले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्दा सहभागितामूलक ढंङ्गबाट गर्नु पर्नेछ ।

(ट) टोल विकास संस्थाले आफ्ना सदस्यहरुको गरिबीलाई निश्चित अधारमा बर्गिकरण गरी अभिलेख राख्नु पर्नेछ ।

(ठ) टोल विकास संस्थाले आफ्नो दिर्धकालिन विकासको लागी सामान्य अवधारणा तथा दृष्टिकोण निमार्ण गर्नुपर्नेछ । उक्त अवधारणा नगरपालिकाको अवधारणामा आधारीत हुनु पर्नेछ ।

(ड) टोल विकास संस्थाले आफ्ना सदस्यहरुलाई विभिन्न कार्यगत समुहमा संगठीत गरी समुदायमा आधारित समाजिक तथा आर्थिक विकासमा क्रियासिल हुन अभिप्रेरित गर्नु पर्नेछ ।

(ढ) टोल विकास संस्थाले आफ्नो भौगोलिक सिमाना क्षेत्र भित्रका घरधुरी सदस्यहरुबाट गठित उद्यमीहरुलाई उद्यम व्यवसाय गर्न तथा दर्ता गर्न आवश्यक सहजिकरण गर्नु पर्नेछ ।

(ण) एक भन्दा बढी टोल विकास संस्थासंग सम्बन्धित विकास निमार्ण कार्य तथा वडा स्तरीय विकास निमार्ण कार्यमा टोल विकास संस्था परिचालित हुन वा सक्रिय भुमिका निर्वाह गर्न सम्बन्धित योजना क्षेत्रभित्र गठित सबै टोल विकास संस्थाहरुका अध्यक्ष, सचिव तथा कोषाध्यक्षहरुको संयुक्त भेलाबाट वडा समितिको संयोजनमा टोल विकास

संस्थाहरुको एउटा कार्यमूलक समूह निमार्ण गरी अगाडी बढन सक्नेछन् ।

(त) टोल विकास संस्थाले गरेको प्रत्येक निर्णयको प्रतिलिपी वडा कार्यालयमा पठाउनु पर्नेछ ।

(थ) वडा समितिको सहयोगीको रुपमा कार्य गर्नु टोल विकास संस्थाको कर्तव्य हुनेछ ।

(द) नगरपालिका/वडा कार्यालयले टोल विकास संस्था क्षेत्रभित्रको कुनै विषयमा सिफारिस/सर्जमिन मुचुल्का गर्नु भनी तोकेको अवस्थामा त्यस्तो सिफारिस/सर्जमिन मुचुल्का तयार गरी पठाउनु पर्नेछ ।

(ध) नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने जग्गा तथा अन्य श्रोत साधनहरुको उपभोग तथा उपयोग गर्नु परेमा सम्बन्धित निकायबाट अनिवार्य रुपमा अनुमति लिनु पर्नेछ । तर अनुमति दिने वा नदिने भन्ने सम्पूर्ण अधिकार सम्बन्धित निकायमा हुनेछ ।

(न) कुनै पनि संघ संस्था तथा निकायसंग विभिन्न कार्य गर्दा आवश्यक समन्वय, सम्बन्ध र सम्झौता गर्नु पूर्व टोल विकास संस्थाहरुले अनिवार्य रुपमा नगरपालिकाको अनुमति तथा स्वीकृती लिनु पर्नेछ ।

(प) कुनै पनि टोल विकास संस्थाले संस्थाको बैठकमा राजनैतिक विषयहरुमा छलफल गर्न पाईने छैन ।

(फ) टोल विकास संस्थाले बचत तथा ऋण परिचालन सम्बन्धी नियमहरु बनाई लागू गर्न सक्नेछ ।

(ब) टोल स्तरीय योजना कार्यान्वयन गर्नको लागि उपभोक्ता समिति सरह योजना कार्यान्वयनको जिम्मेवारी लिनु पर्नेछ र नगरपालिकाबाट हुने विकास निर्माण लगाएतका सम्पूर्ण कार्यमा टोल विकास संस्थाले सक्रिय सहभागिता जनाउनु पर्नेछ ।

## परिच्छेद ५

### १५. सिमाना, एकिकरण र विभाजन सम्बन्धी व्यवस्था

(क) टोल विकास संस्थाको सिमाना बुंदा ३ (क) बमोजिम हुनेछ । सिमाना हेरफेर गर्नु पर्ने मनासिफ देखिएमा संस्थाको साधारण सभाबाट निर्णय गरी सम्बन्धित वडा कार्यालय समक्ष निवेदन पेश गर्नु पर्नेछ । वडा कार्यालयले आवश्यक जाँच बुझ गरी सिमाना हेरफेर गर्न सक्नेछ र सो को जानकारी नगरपालिकामा गराउनु पर्नेछ ।

(ख) दुई वा दुई भन्दा बढी टोल विकास संस्थाहरु समायोजन गरी एउटै टोल विकास संस्था गठन गर्नु पर्ने देखिएमा उक्त दुवै संस्थाहरुको साधारण सभाबाट आवश्यक निर्णय गरी सम्बन्धित वडा कार्यालयमा संयुक्त निवेदन दिनु पर्नेछ र वडा कार्यालयले आवश्यक जाँचबुझ गरी दुईवटा टोल विकास संस्थालाई एकिकरण गर्न सक्नेछ । एकिकरण पश्चात गठन हुने टोल विकास संस्थाको विधान, नामाकरण र चार किल्ला भेलाले निर्णय गरे बमोजिम हुनेछ र सोहि बमोजिम दर्ता प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(ग) कुनै टोल विकास संस्थाको निर्धारित क्षेत्र ठूलो भई टोल विकास संस्था व्यवस्थित रुपले सञ्चालन गर्न वाधा पुगेको अवस्थामा उक्त संस्थालाई बढीमा दुईवटा संस्थाहरुमा विभाजन गर्न सकिनेछ । यस्तो विभाजन गर्दा संस्थाको साधारण सभाबाट आवश्यक निर्णय गरी सम्बन्धित वडा कार्यालयले जाँचबुझ गरी विभाजन गर्न सक्नेछ । विभाजन पश्चात आपसी सहमतिमा कुनै एक टोल विकास संस्थाले पुरानो नाम, विधान र दर्ता भएको निस्सा पाउनेछ भने अर्को टोल विकास संस्थाले नयाँ विधान बनाई बुदा नं. ४ बमोजिम दर्ता प्रकृया अगाडि बढाउनु पर्नेछ । तर परिच्छेद २ बुदा नं. ३ (क), (ख), (ग) को प्रतिकुल हुने गरी टोल विकास संस्था विभाजन गर्न सकिने छैन ।

## परिच्छेद ६

### १६. संस्थाको कोष, कोषको सञ्चालन तथा खाता सम्बन्धी व्यवस्था

(क) टोल विकास संस्थाको छुट्टै कोष हुनेछ । उक्त कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

- टोल विकास संस्था सदस्यहरुको वचत, वचतबाट प्राप्त व्याज वा अन्य आय,
- सदस्यहरुबाट प्राप्त सहयोग, शुल्क तथा जरिवाना ।
- वडा तथा नगरपालिकाबाट प्राप्त सहयोग ।

- अन्य निकायबाट प्राप्त सहयोग अनुदान आदी (यस प्रकारको सहयोग अनुदानको बारेमा नगरपालिकालाई जाकारी गराउनु पर्नेछ ।

(ख) कोषको सञ्चालनको लागि टोल विकास संस्थालाई पाएक पर्ने बैक तथा वित्तीय संस्थामा कोषाध्यक्ष अनिवार्य हुने गरी संयुक्त खाता खोल्नु पर्नेछ । उक्त खाताबाट कोषको कारोवार गरिनेछ ।

(ग) टोलविकास संस्था सञ्चालनका लागि तपशिल बमोजिमका बैठक पुस्तीका तथा खाताहरु प्रयोग हुनेछन ।

- बैठक निर्णय पुस्तीका
- बचत पास बुक
- गोश्वारा भौचर
- व्यक्तिगत बचत खाता
- ऋृण आवेदन फाराम
- असुली रसिद
- मूख्य खाता
- सन्तुलन परिक्षण खाता
- मासिक प्रतिवेदन
- व्यक्तिगत ऋृण खाता
- अन्य आवश्यकता अनुसार

(घ) संस्थाको आर्थिक कारोवार दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप राख्नु पर्नेछ ।

(ङ) दर्तावाला लेखापरीक्षकबाट बार्षिक रुपमा लेखापरीक्षण गराउनु पर्नेछ ।

(च) टोल विकास संस्थाको खाता सञ्चालन गर्दा संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कोषाध्यक्ष अनिवार्य हुने गरि कुनै दुई वा तिनै जनाको संयुक्त दस्तखत हुने गरी वडा कार्यालयको सिफारिसमा पायक पर्ने बैक तथा वित्तिय संस्थामा बचत खाता खोल्नु पर्नेछ ।

## परिच्छेद ७

**१७. निर्वाचन सम्बन्धी व्यवस्था :** यस निर्देशिकाको भावाना र संस्थाको विधानको अधिनमा रही टोल विकास संस्थाका अध्यक्ष, सचिब, र कोषाध्यक्षको निर्वाचन गर्न साधारण सदस्यहरु मध्येबाट ३ जनाको निर्वाचन मण्डल गठन वा वाहिय निकायबाट निर्वाचन अधिकृत नियुक्ति गर्नु पर्नेछ । जसले संस्थाको नियम अनुसार निर्वाचन प्रकृया अपनाई निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

## परिच्छेद ८

**१८. व्यवस्थापन :** टोल विकास संस्थाको व्यवस्थापन संस्थाका पदाधिकारीहरुले नै गर्नु पर्नेछ । संस्था सक्षम भएको अवस्थामा संस्थाको हिसाव किताव पारदर्शी एवं प्रभावकारी रुपमा अघि बढाउनको लागी कर्मचारी छनौट, नियुक्ती, तलब लगाएतका

अन्य सुविधाहरु निर्धारण गर्दा संस्थाको प्रशासनिक नियमावली बनाई साधारण सभाबाट अनुमोदन गराई लागु गर्न सक्नेछ ।

## परिच्छेद ९

**१९. टोल विकास संस्था परिचालन :** नगरपालिका क्षेत्रभित्रको आर्थिक, सामाजिक, भौतिक पुर्वाधारका साथै मानव संसाधन विकासका लागी टोल विकास संस्थाहरुको भूमिका महत्वपूर्ण हुने हुँदा नगरपालिकाले सञ्चालन गर्ने नियमित गतिविधिहरुमा टोल विकास संस्थालाई देहाय अनुसार परिचालन गरी कार्य सञ्चालन गर्न सक्नेछ ।

(क) वडास्तरीय योजना तर्जुमा भेलामा समुदाय तहमा सञ्चालन गरिने योजनाहरुको छलफल कार्यक्रममा टोल विकास संस्थाबाट संस्थागत प्रतिनिधित्व गर्ने ।

(ख) नगरपालिकाको बार्षिक एवं आवधिक योजना तर्जुमा गर्दा टोलस्तरबाट योजना छनौट गर्नु पर्ने अवस्था आएमा टोल विकास सस्थाको बैठक बसी योजना प्राथामिकिकरण गर्ने र वडामा पठाउने ।

(ग) टोल स्तरका योजनाहरु कार्यान्वयन गर्नु पर्दा टोल विकास संस्थालाई नै उपभोक्ता समितिको जिम्मेवारी दिने गरी योजान कार्यान्वयन गर्न सक्नेछ । तर उपभोक्ता समिति, ठेक्का, अमानत, कोटेशन आदी बाट योजना कार्यान्वयन गर्नु पर्ने भनि तोकिएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

(घ) ठेक्कापट्टा वा अमानतबाट आयोजना सञ्चालन गर्नुपर्ने अवस्था भएमा योजना सञ्चालन हुने स्थानमा गठन भएको टोल विकास संस्थालाई योजना सुपरीवेक्षणको जिम्मा दिईने छ । तर योजना संचाालन गर्ने स्थान एक भन्दा बढी टोल विकास संस्थाहरु भएको खण्डमा प्रत्येक टोल विकास संस्थाबाट प्रतिनिधित्व हुनेगरी एक छुट्टै सुपरीवेक्षण समिति गठन गर्न सकिने छ ।

(ङ) नगरको शहरी क्षेत्रको फोहरमैला व्यवस्थापनका विविध कार्यमा टोल विकास संस्थाको परिचालन सम्वन्धमा नगरपालिकाले आवश्यक निर्णय लिई सोहि बमोजिम कार्यान्वयन गराउन सक्नेछ ।

(च) नगरपालिका मार्फत कुनै कार्यको लागि टोल विकास संस्थाले प्राप्त गरेको रकम तोकिएको क्षेत्रमा खर्च भए नभएको सम्वन्धमा नगरपालिकाले अनुगमन गर्नेछ र तोकिएको क्षेत्रमा खर्च नभएको पाईएमा आवश्यक कार्यवाहि गर्न सक्नेछ ।

(छ) वचत संकलनबाट प्राप्त वचत रकम को सदुपयोग र उचित व्यवस्थापनको लागी ऐन कानुन बमोजिम नगरपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

(ज) नगरपालिका क्षेत्र भित्र आफ्नो कार्य क्षेत्र बनाई संचालित विभिन्न गै.स.स., अन्तराष्ट्रिय गै.स.स. तथा विषयगत कार्यालयहरुसंग समन्वय गरी ती संस्था एवं निकायका कार्यक्रमलाई टोल विकास संस्था मार्फत सञ्चालन गर्नको

लागी नगरपालिकाद्धारा समन्वयकारी भुमिका निर्वाह गरिनेछ ।

(झ) दुई वा सो भन्दा बढी वडा सिमानामा रहेका टोल विकास संस्थालाई प्रत्येक वडामा हुने वडा स्तरीय अन्तरक्रिया एवं छलफल कार्यक्रममा सहभागी बनाइने छ तर नगरपालिकाको योजना तर्जुमा गर्दा एकै पटक एउटै योजनाको लागी एउटा वडाबाटमात्र योजना विनियोजनको व्यवस्था गरिनेछ ।

(ठ) लक्षित समुह किटान गरी सञ्चालन गरिने विविध किसिमका तालिम गोष्ठी आदीमा समुदाय तहबाट सहभागी छनौट गर्नुपर्ने वा छनौट गरी पठाउनु पर्ने अवस्था भएमा वडा समिति मार्फत टोल विकास संस्थाको सिफारिसलाई प्रथामिकता प्रदान गरिनेछ ।

(ड) एक घरधुरी एक सदस्य रहने गरी तथा एकै वस्ती ओगटने गरी गठन गरिएको टोल विकास संस्थालाई वडाको मातहतमा रहने गरी सानो संस्थागत ईकाईको रुपमा विकास गरिनेछ ।

(ढ) वडा विकासका लागी वडाले सञ्चालन गर्ने विभिन्न किसिमका वडास्तरीय अर्न्तक्रियामा टोल विकास संस्थालाई आमन्त्रण गरिनेछ ।

(ण) टोल स्तरीय योजनाहरुको रेखदेख, मर्मत सम्भारको लागि टोल विकास सस्थालाई जिम्मेवार बनाउन सक्नेछ ।

(त) प्रत्येक वडामा रहेका टोल विकास संस्थाहरुको समन्वयकारी भुमिका वडा कार्यालयले गर्ने छ र वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय टोल विकास संस्था समन्वय समिति गठन हुनेछ ।

(थ) संस्थामा आवद्ध नभएका घरधुरीलाई टोल विकास संस्थामा आवद्ध हुन प्रोत्साहन गरिनेछ ।

(द) उपभोक्ता हक, हित संरक्षणको लागि बहस, पैरवी तथा जनचेतना अभिवृद्धी कार्यक्रम संचालन गर्न, सडक तथा भवन मापदण्ड पालनाको लागि टोल बासीलाई प्रोत्साहन गर्न, खोप रोग लगाएतका विभिन्न राष्ट्रिय अभियानहरुमा टोल विकास संस्थाको समन्वयकारी भुमिका प्रदान गर्न, विभिन्न हिंसा लगाएत दुर्व्यवसनी विरुद्ध आवाज उठाउनको लागी बागलुङ नगरपालिकले टोल बिकास संस्थालाई परिचालन गर्न सक्नेछ ।

## परिच्छेद १०

**२०. सम्पति र दायित्व :** प्रचलित नियम कानुनमा व्यवस्था भए अनुसार टोल विकास संस्थाको आफ्नो नाममा रहेको सम्पती व्यक्ति सरह भोगचलन गर्न मात्र पाउनेछ तर संस्था विघटन भएमा सदस्यहरुको व्यक्तिगत वचत र सोको आयहरु बाहेकको सम्पति स्वत : नगरपालिकाको स्वामित्वमा आउनेछ ।

**२१. अविश्वासको प्रस्ताव :** संस्थाको सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्यहरुले लिखित रुपमा अविश्वास रहेको व्यहोरा सहित निवेदन दिएमा अविश्वासको प्रस्ताव ल्याएको मान्नु पर्नेछ । जुन पदाधिकारी प्रति अविश्वासको प्रस्ताव ल्याएको हो सो व्यक्तिले आफ्नो सफाई पेश गर्ने मौका पाउनेछ ।

**२२.** यस निर्देशिकामा उल्लेखित कार्यहरु सञ्चालन गर्नु पुर्व सम्बन्धित निकायको अनुमति तथा स्वीकृति लिनु पर्ने भएमा स्वीकृति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ । स्वीकृति लिनु पर्नेमा नलिई कुनै कार्य गरेमा टोल विकास संस्थाका पदाधिकारीहरु पूर्ण रुपमा जवाफदेही हुनु पर्नेछ ।

**२३.** यो निर्देशिकाको व्याख्या गर्ने अधिकार नगरपालिका कार्यालयमा रहनेछ ।

२४. **बचाउ :**

(क) यस निर्देशिकामा लेखे जतिको हकमा यसै बमोजिम लागु हुनेछ । तर प्रचलित कानुन बमोजिम कुनै बुदा बाझिन गएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख भए जती सोही बमोजिम लागु हुनेछ ।

(ग) माथि (क) र (ख) मा उल्लेख भए बमोजिम बाहेक अन्यको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

# अनसुची-१

मिति :

श्रीमान् वडा अध्यक्ष ज्यू,
... नं. वडा कार्यालय, बागलुङ नगरपालिका, बागलुङ ।

**विषय : टोल विकास संस्था दर्ता गरी पाँउ ।**

प्रस्तुत विषयका सम्वन्धमा यस नगरपालिका वडा नं. ...... स्थित ........................... टोलमा गठन भएको ................................................. टोल विकास संस्थालाई नियमानुसार दर्ता गरिदिनु हुन निम्नानुसारका कागजपत्र सहित अनुरोध गर्दछौ ।

**तपशिल**

१. टोल विकास संस्थाको प्रमाणित विधान २ प्रति ।
२ टोल भेलाको निर्णय तथा टोल दर्ता गर्ने सम्वन्धमा गरिएको निर्णय प्रतिलिपी ।
३ कार्य समितिका सदस्यहरुको नामावली ।
४ पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।
५ टोल विकास संस्थाको छाप ।

निवेदकको

दस्तखतः .................
नाम : .....................
पद : .......................

# अनसुची-२

## .......................... टोल विकास संस्थाको विधान २०७९

**प्रस्तावना :** टोल बस्तीका बासिन्दाहरुलाई संस्थागत रुपमा संगठित गरी, स्थानीय रुपमा उपलव्ध श्रम, सीप, साधन र अवसरलाई अधिकतम परिचालन गर्दै टोलको विकासका लागी आवश्यक श्रोत र साधनको संकलन तथा परिचालन गर्न, सदस्यहरुको जीवनस्तरमा सुधार गर्न, सहभागितात्मक योजना तर्जुमा गर्न, टोल तथा बस्तीमा  बसोवास गर्ने बासिन्दाहरु वीच सदभाव, भाईचारा र एकता कायम गर्न, नगरपालिका लगाएत अन्य निकायबाट संचालित योजना तथा कार्यक्रमहरुमा टोल वासीको सक्रिय सहभागिता जनाई कार्यान्वयन, अपनत्व ग्रहण एवं जिम्मेवारीको भावनाको विकास गरी टोल क्षेत्रको समग्र विकास गर्नको लागि ................................................ टोल विकास संस्था स्थापना गरी सञ्चालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

# परिच्छेद - १

१. **प्रारम्भिक** : संक्षिप्त नाम र प्रारम्भ

(क) यो विधान .............................................. टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ........................................ टोल विकास संस्था हुनेछ ।

(ग) यो विधान ..... वडा कार्यालयमा दर्ता भएको मिति देखि लागू हुनेछ ।

(घ) यस संस्थाको कार्यालय बागलुङ नगरपालिका वडा नं. ....... स्थित ......................... टोलमा रहनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "संस्था" भन्नाले .................................... टोल विकास संस्थालाई सम्भन्नु पर्छ ।

(ख) "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्भन्नु पर्छ ।

(ग) "साधारण सभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्भन्नु पर्छ ।

(घ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्भन्नु पर्छ ।

(ङ) "संचालक समिति" भन्नाले संस्थाको काम कार्यवाहि छिटो छरितो सम्पादन गर्नको लागी

संस्थाको साधारण सभाले विशेष जिम्मेवारी दिई गठन गरिएको समितिलाई सम्झनु पर्छ ।

(च) "पदाधिकारी" भन्नाले संस्थाका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सह-सचिव सहितका पदाधिकारीलाई सम्झनु पर्छ ।

(छ) "उपसमिति" भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमिति वा कार्य सम्पादन समितिलाई सम्झनु पर्छ ।

(ज) "बचत" भन्नाले साधारण सदस्यहरुबाट निश्चित अवधिमा सञ्चय गरेको रकमलाई सम्झनु पर्छ

(झ) "बचतकर्ता" भन्नाले संस्थाका बचत गर्ने सदस्यहरुलाई सम्झनु पर्छ ।

(ञ) "ऋण" भन्नाले एकमुष्ट वा किस्ताबन्दीका रुपमा फिर्ता बुझाउने गरी निश्चित अवधी, व्याजदर र उद्देश्यका साथ प्रदान गरेको रकमलाई सम्झनु पर्छ ।

(ट) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले संस्थाले समय समयमा गरेको निर्णय बमोजिम निर्धारित कार्यविधि वा यस विधान अन्तर्गत बनाइएका नियमावली वा विनियममा उल्लेखित कुराहरुलाई सम्झनु पर्छ ।

३. **संगठित संस्था हुने :**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ ।

(ख) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न वा कुनै प्रकारको बन्दोवस्त गर्न सक्नेछ ।

(ग) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र नालिस उजुर उपर प्रतिवाद गर्न सक्नेछ ।

## परिच्छेद - २

४. **संस्थाको उद्देश्यहरु :** यस टोल विकास संस्थाको उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

(क) न्युन आय भएका टोल विकास संस्थाका सदस्यहरुको आय स्तरमा वृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालनको लागि पहल गरी सदस्यहरुको जिवनस्तर सुधारमा सहयोग पुर्‍याउने ।

(ख) वडा कार्यालयको सहयोगि संस्थाको रुपमा टोल विकास संस्थालाई तल्लो वैधानिक ईकाइको रुपमा स्थापित गराई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

(ग) जाती, भाषा, धर्म, लिङ्ग र वर्गको आधारमा पछि परेका सदस्यलाई मूल प्रवाहमा ल्याउने खालका क्रियाकलापहरु संचालन गर्ने ।

(घ) संचालित योजनाहरुको कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्ने साथै सम्पन्न योजनाको नियमिति रेखदेख र मर्मत संभार गर्ने ।

(ङ) सार्वजनिक स्थल, सार्जजनिक जग्गा प्राकृतिक श्रोत, संम्पदाको संरक्षण गर्ने ।

(च) टोलबासीहरुमा नियमित बचत गर्ने बानी बसाली सो बाट संकलित रकम बिभिन्न आयमूलक, तथा रोजगारमूलक कार्यमा सुपथ र शुलभ व्याजदरमा ( तोकिए बमोजिम) सदस्यहरुलाई लगानी गरी सदस्यहरुको आर्थिक विकास गर्ने कार्यमा प्रयोग गर्ने ।

(छ) टोलका आवश्यकताहरुको पहिचान गरी सो को परिपूर्तिको लागि नगरपालिका कार्यालय लगाएतमा आवश्यक पहल गर्ने ।

(ज) टोल विकास संस्थाको समग्र विकासको लागि सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गरी अगाडी बढ्ने ।

## ५. **संस्थाको कार्यक्रमहरु :**

(क) टोल विकास संस्था गठन, पुर्नगठन, उपसमिति वा कार्यमुलक समुह गठन गर्दा समावेशिता लाई ध्यान दिने ।

(ख) सदस्यहरुबाट नियमित रुपमा बचत संकलन तथा परिचालन गर्ने ।

(ग) संस्थाका सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन शीप तथा प्रविधिको साथ साथै आफ्नो स्वः लगानी तथा

सहुलियत कर्जाबाट उद्यम सञ्चालन गर्नमा पहल गराउने ।

(घ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरुको ज्ञान र सीप वृद्धि गराउन सहयोग गर्ने ।

(ङ) टोलमा आइपरेका समस्याहरु समाधान गर्न एक अर्कामा भाइचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

(च) पिछडिएका वर्ग, जाति तथा जनजातिहरुको विकासको लागि सम्बन्धित क्षेत्र तथा निकायबाट सहयोगका लागि सम्बन्ध विस्तार तथा समन्वय गर्ने ।

(छ) आफ्नो समस्यालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न तथा स्रोतको समुचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक पूर्वाधार विकास सम्बन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

(ज) विभिन्न सरुवा रोग तथा महामारीलाई सामाजिक समस्याको रुपमा लिई जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(झ) टोलमा हुने सामाजिक विकृति विसंगति घरेलु हिंसालाई अन्त्य गर्न जनचेतनाको अभिवृद्धि गर्ने ।

(ञ) टोल विकास संस्थाको भौगोलिक क्षेत्र भित्रका सार्वजनिक जग्गा, चौतारी, पोखरी आदीको संरक्षण गरि टोल विकासमा उपभोग गर्ने ।

(ट) टोलमा सडक गल्ली, सडक नाली तथा चोक सफा राख्ने साथै सडक वत्तिको व्यवस्था गरी संरक्षण गर्ने ।

(ठ) टोलमा रहेका धार्मिक तथा पर्यटकिय क्षेत्रको संरक्षण एवं सम्वर्धन गर्ने ।

(ड) टोलबासीहरुको जीवनस्तर माथी उठाउन आयमूलक, सीपमुलक कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यक समन्वय गर्ने ।

(ढ) टोलमा उद्यम व्यबसाय गर्न इच्छुक व्यक्तिलाई प्रोत्साहित तथा मार्ग दर्शन गर्ने ।

## परिच्छेद - ३

**६. सदस्यताः**

(क) यस विधानको उद्देश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने टोलवासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयां टोलवासीलाई संस्थाले तोके बमोजिमको प्रकृया पुरा गरी संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**७. सदस्यता नरहने :**

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

(ग) संस्थाको निर्णय पालना नगरी संस्थाको हित बिपरित कार्य गरेमा वा संस्थालाई हानी नोक्सानी हुने कुनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर यस्तो अवस्थामा सम्बन्धित सदस्यहरुलाई सफाई दिने अवसरबाट बन्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

(घ) संस्थाको सिमा क्षेत्रबाट स्थाई रुपमा वसाई सराई गरि अन्य स्थानमा गएमा ।

(च) संस्थाको सीमा फेरवदल भै अर्को टोलमा समावेश भएमा ।

## परिच्छेद - ४

### ८. संस्था गठन एवं कार्य सञ्चालन विधि :

(क) वडा कार्यालयले तोकि दिएको निश्चित भौगोलिक क्षेत्रका सम्पूर्ण घरधुरीहरुको उपस्थितिमा एक घर धुरी एक सदस्य अवधारणा अनुसार टोल विकास संस्था गठन गरिनेछ ।

(ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्न उपस्थित भएकाहरुले गरेका सर्व सम्मत निर्णयको आधारमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्ष सहित बढीमा २३ सदस्यीय संचालक समिति

गठन हुनेछ जुन संस्थाको मुल समिति हुनेछ भने बाँकी घरबाट एक-एक जना सदस्य हुनेछन् ।

(ग) संस्था संचालक समितिको कार्यकाल २ बर्षको हुनेछ साथै निजहरुको पुनर्नियुक्ति हुन सक्नेछ । तर लगातार दुई कार्यकाल वा लगातार ४ बर्ष भन्दा बढी एउटै व्यक्ति प्रमुख पदमा रहन पाउने छैन । कारणवस २ बर्षमा साधारण सभा बस्न नसकेमा निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(घ) महिला, दलित, जनजाति आदिवासीको नेतृत्व विकासको लागि त्यस क्षेत्रका घरधुरी सदस्यलाई संस्थाको पदाधिकारीमा सर्व सम्मत चयनलाई प्राथमिकता दिइनेछ ।

## ९. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

### (क) अध्यक्षको काम, कर्तव्य र जिम्मेवारी

टोल विकास संस्थालाई प्रभावकारी बनाउनको लागि संस्थाका अध्यक्षको काम, कर्तव्य र जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

- टोल विकास संस्थाको नियमित बैठक बोलाउने, बैठकको लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यको सहमति लिने ।
- बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

- बैठकमा अनुशासनको पालन गर्न लागउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
- छलफल हुंदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
- बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।
- निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।
- सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।
- विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
- संस्थाले आर्जन/प्राप्त गरेका नगद वा जिन्सी सामानको श्रेस्ता राखी सुरक्षाको प्रवन्ध मिलाउने ।
- नगरपालिकाबाट संचालित विकास आयोजना कार्यान्वयनमा सहयोग पुऱ्याउने, रेखदेख गर्ने र मर्मत सम्भारको लागि पहल गर्ने ।
- आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।
- अन्य सहयोगी निकायहरुसंग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने ।
- विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।
- विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

- संस्थाको कार्य सञ्चालन सम्वन्धि प्रमुख उत्तरदायित्व वहन गर्ने ।
- संस्थाका सदस्यहरुलाई संस्थाको हित र विधानको पालना गर्न लगाउने र सो नगरेको पाईएमा सचेत गराउने ।
- बैठकमा मत बराबर भएमा निर्णायात्मक मत दिने ।

(ख) **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

- अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा सविच संग समन्वय गरी आवश्यकता अनुसार बैठक बोलाउने लगाएत अध्यक्षले गर्ने कार्य गर्ने ।
- नगरपालिकाबाट संचालित विकास आयोजनाका कार्यान्वयनमा सहयोग पुऱ्याउने, रेखदेख गर्ने र मर्मत सम्भारको लागि पहल गर्ने ।
- टोल विकास संस्थाको संस्थागत हितको लागि आवश्यक कार्य गर्ने ।
- सदस्यहरुलाई काम काज गर्न उत्प्रेरित गर्ने ।
- अध्यक्षको काम काजमा आवश्यक सहयोग गर्ने ।
- अन्य तोकिए बमोजिमको कार्य गर्ने ।

**(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार:**

- अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
- अध्यक्ष संगको परामर्शमा बैठकका एजेण्डाहरु तयार गरी प्रस्तुत गर्ने ।
- एक तिहाई सदस्यहरुले विशेष बैठकको लागि लिखित रुपमा माग गरेमा विशेष वैठक बोलाउने ।
- बैठक पुस्तिकामा उपस्थिति गराउने ।
- छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पुनः प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।
- नगरपालिकाबाट संचालित विकास आयोजनाका कार्यान्वयनमा सहयोग पुऱ्याउने, रेखदेख गर्ने र मर्मत सम्भारको लागि पहल गर्ने ।
- बचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने ।
- संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
- संस्था सञ्चालनमा र अन्य सदस्यलाई आवश्यक सहयोग गर्ने ।

**(घ) सह सचिवको काम, कर्तव्य र अधिकार:**

- सचिवको अनुपस्थितिमा सचिवलाई तोकिएको कार्य गर्ने ।
- टोल विकास संस्थाको संस्थागत हितको लागि आवश्यक कार्य गर्ने ।
- सदस्यहरुलाई काम काज गर्न उत्प्रेरित गर्ने ।
- अध्यक्ष र सचिवलाई काम काजमा आवश्यक सहयोग गर्ने ।
- अन्य तोकिए बमोजिमको कार्य गर्ने ।

**(ङ) संस्थाका कोषाध्यक्षको काम कर्तव्य र अधिकारः**

- सस्थाको आय व्ययको लेखा राखी लेखा परिक्षण गराउने साथै बैक मार्फत लेखा सम्वन्धी कारोवार गर्ने ।
- बैठकमा सबै सदस्यहरुबाट बचत संकलन गरी बचतको विवरण पेश गर्ने ।
- प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।
- व्यक्तिगत बचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पासबुकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने ।
- संकलित बचत रकम संस्थाको निर्णय अनुसार नजिकको बैंकको खातामा जम्मा गरी/गराई बैंकबाट प्राप्त भएको पासबुकमा उल्लेख गराउने ।

- बैठकको निर्णय अनुसार बचतको परिचालन गरी रेकर्ड राख्ने ।
- निर्णय अनुसार गर्नु पर्ने लगानी गरी असुली समेत गर्ने र लगानी र असुलीको रेकर्ड राख्ने ।
- संस्थाको सम्पूर्ण हिसाव किताव चुस्त दुरुस्त राख्ने ।
- ऋृण लगानी पश्चात प्राप्त व्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरी सबै सदस्यहरुको व्यक्तिगत खाता, पासबुक एवं बचत खातामा चढाउने ।
- संस्थाले गरेको काम/कारोवारको लेखा परिक्षण गराउने ।
- बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।
- अन्य सदस्यहरुसंग समन्वय राखी सहयोग लिने दिने ।
- संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(च) संस्थाका सदस्यहरुको काम कर्तव्य र अधिकारः**

- संस्थाको हिसाब किताब बराबर चेक गर्ने ।
- टोल विकास संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने । उनीहरुको काम

सन्तोषजनक नभएमा आवश्यक प्रकृया पुरा गरी नयाँ पदाधिकारी चयन गर्ने ।

- आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति नियमहरु बनाउने र सो नियमहरु पालना गर्ने गराउने र पालना भए नभएको हेर्ने ।
- आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।
- बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।
- नियमित बचत बुझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।
- आफुले ऋण लिएको भए समयमा तिर्ने साथै ऋण असुली गर्न सहयोग गर्ने ।
- साधारण सभा तथा बैठकले तोकिए बमोजिम जिम्मेवारी पुरा गर्ने गराउने ।
- सस्था तथा सदस्यको उन्नतीमा सधै सक्रिय सहभागिता जनाउने ।
- नगरपालिकाबाट संचालित विकास आयोजनाका कार्यान्वयनमा सहयोग पुऱ्याउने, रेखदेख गर्ने र मर्मत सम्भारको लागि पहल गर्ने ।

## १०. संस्थाको बैठक :

(क) संस्थाको बैठक सामान्यतया महिनाको एक पटक बस्ने छ । यसरी बैठक बस्दा  एक बैठक र अर्को बैठक बिचको समय तीन महिना भन्दा बढी हुने छैन ।

(ख) संस्थाको बैठक अध्यक्षले बोलाउने छ तर देहायका अवस्थामा सचिवले बैठक बोलाउन सक्ने छ :

(१) अध्यक्षले निजलाई बैठक बोलाउन निर्देशन दिएमा वा तीन महिना भन्दा बढी समयसम्म बैठक बस्न नसकेमा,

(२) तीन महिना वा सो भन्दा बढी समय सम्म संस्थाको बैठक बस्न नसकी संस्थाका एक तिहाई सदस्यले बैठक बोलाउनको लागी लिखित रुपमा अनुरोध गरेमा ।

(ग) संस्थाको अध्यक्षले बैठकको अध्यक्षयता गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्षले र निज पनि अनुपस्थित रहेमा संस्थाको सबैभन्दा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

## ११. साधारण सभाको गठन :

संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ । साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ । संस्थाको साधारण सभा

लगायत अन्य समितिहरुको बैठकको गणपुरक संख्या पचास प्रतिशत हुनु पर्नेछ । साधारण सभा सामान्यतया वर्षमा एक पटक वस्नेछ ।

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकार:

(क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेश गरेको जुनसुकै विषयमा यथोचित सल्लाह दिने ।

(ख) संस्थाको सचिव र कोषाध्यक्ष बाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन माथि छलफल गरी स्विकृत गर्ने ।

(ग) आवश्यकता अनुसार लेखा परिक्षक नियुक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने ।

(घ) संस्थाको गत सालको हिसाब विवरण स्वीकृत गर्ने वा लेखा परिक्षक नियुक्ति भएको भएमा लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने ।

(ङ) अख्तियार प्रदान गर्ने ।

(च) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(छ) आवश्यक परेमा प्रस्तावनाको भावनाको विपरित नहुने गरी विधान संशोधन गर्ने ।

(ज) आवश्यक परे सल्लाहकारको मनोनयन गर्ने ।

(झ) आवश्यकता अनुरुप टोल विकास योजना तथा उद्याम विकास योजना बनाउने ।

**१३. विशेष साधारण सभा :**

संस्थाको हितलाई ध्यानमा राखी कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा बढीमा २५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

**१४. आर्थिक व्यवस्था**

(क) संस्थाको आफ्नै कोष हुनेछ सो कोषको व्यवस्थित परिचालनको लागी संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कोषाध्यक्ष अनिवार्य हुने गरी संस्थाले तोकेका व्यक्तिहरुको संयुक्त दस्तखतबाट संस्थालाई पायक पर्ने बैंक वा वित्तिय संस्थामा खाता खोल्न सकिनेछ र उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

- सदस्यताबाट प्राप्त शुल्क ।
- सदस्यहरुबाट गरिने नियमित बचत ।
- सरकारी तथा गैर सरकारी संस्थाबाट निःशर्त सहायता/अनुदान ।
- दाताहरुबाट प्राप्त निःशर्त सहयोग ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्थिक आय वा पुरस्कार ।
- संस्थाको कोषबाट प्राप्त व्याज ।

- टोल विकास संस्थाले विभिन्न संघ संस्थासंग ऋण लिई आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी कमाएको व्याज, सेवा शुल्क र हर्जाना वापतको रकम ।
- अन्य आम्दानी ।

(ख) प्रत्येक आर्थिक बर्ष समाप्त पश्चात संस्थाको हिसाव किताव तयार गरी आवश्यक पर्ने भए लेखा परिक्षण समेत गरी सो को विवरण वा प्रतिवेदन साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरिद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१५. टोल विकास संस्थाको वचत :**

(क) टोल विकास संस्थाका सम्पूर्ण सदस्यहरुबाट नियमित रुपमा बचत संकलन गरी बचत कोषको स्थापना गर्न सकिनेछ ।

(ख) उक्त बचतको प्रयोगका लागि संस्थाको बैठकको सर्वसम्मत निर्णय आवश्यक पर्नेछ ।

(ग) बचत सामान्यतया सदस्यहरुको आर्थिक विकास एवं आर्थिक उपार्जनका क्षेत्रमा सर्वसम्मत निर्णयका आधारमा खर्च गर्नु पर्नेछ ।

(घ) उक्त बचत कोषमा सदस्यबाट प्राप्त वचत रकम र अन्य कुनै निकायबाट वचतको लाभको लागि विना शर्त प्राप्त रकम रहनेछ ।

(ङ) बचत कोषको रकम संस्थाको कार्य क्षेत्रभित्रका सदस्यहरु बीच तोकिएको शर्त र व्यवस्था अनुरुप लगानी र असुली हुनेछ ।

(च) बचत निरन्तर चल्ने र वृद्धि हुंदै जानेछ । बचत बढी हुन गएमा सो को उचित व्यवस्थापनको लागि साधारण सभाले निर्णय लिनेछ ।

(छ) कोषको बचत रकममा संलग्न सदस्यहरुको दावी रहनेछ ।

(ज) कुनै व्यक्ति संस्थाको नयां सदस्य बनी संस्थामा प्रवेश हुन चाहेमा संस्थाको निर्णय बमोजिम हुनेछ ।

(झ) यस बचतको सञ्चालन कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ञ) संस्थाको दर्ता खारेजी वा विघटन भएमा संस्थाको सामूहिक सम्पत्ति बागलुङ नगरपालिकाको हुनेछ । तर व्यक्तिगत बचत र सोका आयहरु सदस्यहरुको हिसाब बमोजिम फिर्ता पाउनेछन् ।

## १६. राजीनामा :

(क) संस्थाका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत सस्थाको वैठकमा पेश गर्नु पर्नेछ र सो उपर संस्थाले अन्तिम निर्णय लिनेछ ।

**१७. पद पूर्ति** :

विधानको दफा ७ बमोजिम रिक्त भएको कुनै पदमा सस्थाको दुई तिहाई सदस्य उपस्थित बैठक बाट सोहि कार्यकालको लागि मात्र पद पुर्ति गर्न सकिने छ ।

**१८. अविश्वासको प्रस्तावः**

संस्थाको अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६७ प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्व सम्मतलाई बढी जोड दिइनेछ ।

**१९. विविधः**

(क) यस विधान बमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरु मध्येबाट आर्थिक, सामाजिक, साँकृतिक तथा भौतिक विकासका लागि उद्यमी समूह, कार्य सम्पादन समिति, कार्यमूलक समुह वा विभिन्न विषयगत उप-समिति गठन गर्न सक्नेछ । उक्त समूह वा समितिको

काम, कर्तव्य र तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(ख) यो विधानको व्याख्या गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

(ग) संस्थाको उद्देश्य पूर्तिका लागि विधानको अधिनमा रही नियमावली बनाउन र उप समिति गठन गर्नु परेमा विधानको भावना बमोजिम बनाउनु पर्नेछ ।

(घ) प्रचलित नेपालको ऐन नियमहरुसंग बाझिएको बुंदाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

## २०. सिमाना

यस ........................................ टोल विकास संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

**पूर्व** :- ..........................................................।

**पश्चिम** :- ..........................................................।

**उत्तर** :-..........................................................।

**दक्षिण** :-..........................................................।

अनसूची-३

दर्ता नं. ......

...... वडा कार्यालय

बागलुङ नगरपालिका

बागलुङ

# टोल विकास संस्था दर्ता प्रमाण पत्र

श्री .................................टोल विकास संस्था

बागलुङ नगरपालिका वडा नं .....बागलुङ ।

टोल विकास संस्था गठन, संचालन तथा परिचालन सम्वन्धी निर्देशिका २०७९ बमोजिम बागलुङ नगरपालिका वार्ड नं. .... **स्थित.............................................टोल** मा गठन भएको ................................................ टोल विकास संस्थालाई यस कार्यालयमा मिति ............. गतेका दिन दर्ता गरी यो **प्रमाण–पत्र** प्रदान गरिएको छ ।

यस वडाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पूर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको तर्फबाट सक्रिय सहभागिताको अपेक्षा गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

.......................

वडा अध्यक्ष

## अनसूची-४

# ........................... टोल विकास संस्था
# बागलुङ नगरपालिका वडा नं. ...
# बागलुङ

टोल विकास संस्था गठन, सञ्चालन तथा परिचालन सम्वन्धी निर्देशिका २०७९ को नियम ४ बमोजिम टोल विकास संस्था नविकरण गर्ने प्रयोजनको लागि संस्थाको आय व्यय विवरण र प्रगति प्रतिवेदन ।

विवरण पेश गरेको आर्थिक बर्ष : ...................

**(क) आय/व्ययको विवरण**

| आय (आम्दानी) विवरण | | | व्यय (खर्च) विवरण | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **आय (आम्दानी) शिर्षक** | **रकम** | **सि.नं.** | **व्यय (खर्च) शिर्षक** | **रकम** |
| १ | | | १ | | |
| २ | | | २ | | |
| ३ | | | ३ | | |
| ४ | | | ४ | | |
| ५ | | | ५ | | |
| ६ | | | ६ | | |
| ७ | | | ७ | | |
| ८ | | | ८ | | |
| | जम्मा | | | जम्मा | |

## (ख) प्रगति प्रतिवेदन

### सम्पन्न क्रियाकलापहरु

| सि.नं. | क्रियाकलापको नाम | लाभान्वीत संख्या | मुख्य उपलब्धीहरु |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |
| ङ | | | |
| च | | | |
| छ | | | |

विवरण प्रमाणित गर्नेको नाम : ..............................

पद : ..............................

दस्तखत : ........................

## अनसुची-५

मिति : २०८२/ /

श्री वडा अध्यक्ष ज्यू,

.... नं. वडा कार्यालय, बागलुङ नगरपालिका, बागलुङ ।

**विषय : टोल विकास संस्था नविकरण गरी पाँउ भन्ने बारे ।**

प्रस्तुत विषयको सम्वन्धमा देहाय बमोजिमको विवरण भएको टोल विकास संस्था नविकरणको लागि आवश्यक विवरण सहित यो निवेदन पेश गरेका छौं । नियमानुसार टोल विकास संस्था आगामी ३ (तीन) बर्षका लागि नविकरण गरिदिनु हुन अनुरोध गर्दछौं ।

**तपशिल**

टोल विकास संस्थाको नाम : ..........................................

ठेगाना :.............................................

दर्ता नम्बर र मिति : .................................................

**संलग्न कागजपत्रहरु**

१) टोल विकास संस्थाको निर्णयको प्रतिलिपी ।

२) तोकिएको ढाँचामा प्रमाणित गरेको आय र व्ययको विवरण र प्रगति प्रतिवेदन ।

दस्तखतः ..................

नाम : .....................

पद : .......................